# सुन्दरबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# प्रदेश न ४

# सुन्दरबजार, लमजुङ

## भवन मर्मत सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४।१।२२ गते

यस सुन्दरबजार नगरपालिकाको भवन मर्मत गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउ आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. दरभाउपत्र फारम रु १,०००। (पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन ( दरभाउपत्रको अन्तिम मिति) भित्र चालु आ.व.को लागि नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ.क.दर्ता प्रमाणपत्र, आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रका प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन साथ यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नाम र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा दरभाउपत्रको सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र खरिद गरी १६ औं दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु १६ औं दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधि, फर्मको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. दरभाउपत्र शर्त रहित, केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउमा दरभाउपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्नेछ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा जारी गरिएको घटीमा ६ (छ) महिना म्याद कायम भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।दरभाउपत्र फारमको प्रत्येक पानामा सम्वन्धित ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

९. दरभाउपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१०. यो सूचनामा लेखिएको बिषयमा सोहि बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ ।

११. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सुचना नगरपालिकाको website: **www. sundarbazarmun.gov.np** मा समेत हेर्न सकिने छ ।

१२.

| वोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम रु. (कन्टीजेन्सी र मु.अ.कर बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ५/२०७३/७४ | सुन्दरबजार नगर कार्य पालिकाको कार्यालय, भवन मर्मत लमजुङ | १७,४६,१३७८१ | ५०,०००। | १०००। | |